मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय सिरहा,लहान

प्र.स.: वन व्य. २०८२।०८३
चलानी न.

मिति : २०८३।०२।०७

## बिषय :चिरान/गोलिया काठ लिलाम बिकि सम्बन्धी सुचना ।
## (दोश्रो पटक प्रकाशन मिति २०८३।०२।०७ गते )

यस कार्यालयको कम्पाउण्डमा रहेको बिभिन्न मितिमा बेवारिसे अवस्थामा बरामद गरिएका तपसिल बमोजिमका जात थान र परिमाणको चिरान /गोलिया काठको निम्न अनुसार न्यूनतम मुल्य कायम गरिएको हुदा उक्त चिरान /गोलिया काठ जहाँ जे जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी काठ लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक सँघसास्था,फर्म वा कम्पनीले यो सुचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिन अपरान्ह १२:०० बजेसम्म यस कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आहान गरिन्छ ।

तपसिल

१. वन पैदावरको किसिम विवरण :

| वन पैदावारको विवरण | | | | | | | | मुल्याङ्कन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.न. | लट न. | जात | किसिम | थान | ग्रेड | चिरान काठको परिमाण( क्यूफिट) | गोलिया परिमाण ( क्यूफिट) | न्यूनतम मुल्य रु. | सँकलन लागत खर्च | |
| १ | १ | साल | चिरान | २६० | ए | २३६.९२ | ३३१.६८ | ४,१४,६००। | ५६३०२।६८ | |
| | | साल | गोलिया | १ | बि | | ११.८२ | १०,६३८।०० | २००६।४४ | |
| | | साल | गोलिया | ५ | सि | | १३.६८ | ८२०८।०० | २३२२।१८ | |
| | | साल | गोलिया | १२ | डि | | १७.२८ | ५१८४।०० | २९३३।२८ | |
| | | | जम्मा | २७८ | | | ३७४.४६ | ४,३८,६३० | ६३,५६४।५८ | |
| २ | २ | सिसौ | गोलिया | ३२ | बि | | ७६.७५ | ७६,७५०।०० | १३०२८।३१ | |
| ३ | ३ | खयर | गोलिया | २४ | | | ३६.२३ | ३६,२३०।०० | ६१५०।०४ | |
| | | | | | | | | | | |

२.गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भएको मितिले २०८३।०२।०७ गतेले(पन्द्र) औ दिन मिति२०८३।०२।२१गते सम्म लट न.१ को लागि रु.१०००। लट न.२ र ३ को लागि रु. ३००। /३००। प्रत्येक बोलपत्र फारम मूल्य बोलपत्र दस्तुर फिर्ता नहुने गरी ) तिरी यस कार्यालय, प्रदेश वन निर्देशनालय,जनकपुरधामबाट खरिद गर्न सकिने छ । सार्वजनिक बिदा परेमा सोको भोली पल्ट खरिद गर्ने सकिने छ ।

३.बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति २०८३।०२।२१ गते अपरान्ह ५:०० बजे सम्म ।

४. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) अन्तिम मिति २०८३।०२।२२गते

(ख) समय : दिउसो १२:०० बजे सम्म ।

५.बोलपत्र खरिद गर्दा ईच्छुक व्यक्ति/फर्म/सँध सास्था/कम्पनीका प्रोप्राइटरले बोलपत्र खरिद गर्न दिईने निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि स्थायी लेखा नम्बर(PAN)दर्ता प्रमाणपत्रको प्रतिलिपी,आ.ब.२०८२/२०८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, काठ दाउरामा आधारित उधोग सुचिकृत प्रमाणपत्रको प्रतिलिपि र वन पैदावारको कारोवार गर्ने स: मिल /उधोग/कम्पनीको इजाजत पाएको प्रमाणपत्रको प्रतिलिपी ।

मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सिरहा,लहान

प्र.स.: वन व्य. २०८२।०८३
चलानी न.

मिति : २०८३।०२।०७

बेचन चौधरी
डिभिजनल वन अधिकृत

६ खरिद गरिएका बोलपत्रहरु रितपूर्वक भरी शिलबन्दी गरेर मिति २०८३।०२।२२ गते अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु पर्ने छ ।

७. प्रत्येक जातको काठको लागी अलग अलग कबोल रकम बोलपत्रमा उल्लेख गर्नु पर्ने छ र बेग्ला बेग्लै लटको बेग्ला बेग्लै बोलपत्र शिलबन्दी गरी पेश गर्नु पर्ने छ ।

८. जसको नाममा बोलपत्र फारम बिक्री भएको हो ,उसैको नामबाट दाखिला गर्नु पर्ने छ ।

९. बोलपत्रको साथमा छुटाछुटै लटको लागी कबोल गरेको रकमको १०% प्रतिशतले हुने धरौटी रकम प्रदेश लेखा इकाई कार्यालय,लहानको राष्ट्रिय वाणिज्य बैक,शाखा कार्यालय सिरहामा रहेको धरौटी खाता न.२१३०१००२०२०३००००मा डिभिजन वन कार्यालय,सिरहा लहानको कार्यालय कोड न. ३२९०३१६०१२बाट नगद जम्मा गरेको लट अनुसारको छुटाछुटै सकल भौचर वा कम्तीमा ६ महिना सम्मको रितपूर्वक (क) वर्गको बैकको बैक ग्यारेन्टी वा बैक ड्राफट शिलबन्दी गरिएको खाम भित्र समावेश हुनुपर्ने छ । धरौटी रकम अनिवार्य रुपमा प्रतिस्पर्धा गर्ने फर्म वा कम्पनीको नामबाट दाखिला भएको हुनुपर्ने छ । व्यक्तिको नामबाट दाखिला भएको भौचर मान्य हुने छैन ।

१०. बोलपत्रमा साकार गरिएको रकम अक र अक्षर दुबैमा लेख्नु पर्नै छ । अक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११. बोलपत्र र सो सम्बनधी कागजातमा बोलपत्रदाता वा फर्मको सहिछाप भई नआएमा वा शिल खोलिएको वा टुटफुट भई आएमा सो बोलपत्र अमान्य हुने छ ।

१२. लिलाम बढाबढ हुने वन पैदावर कार्यालय खुलेको समय भित्र डिभिजन वन कार्यालयहरुको घाटगदी स्थलमा गई हेर्न सकिने छ ।

१३. दाखिला हुन आएका बोलपत्रहरु मिंति २०८३।०२।२२ गते दिउसो २:०० बजेको समयमा यस कार्यालयको साक्षीहरु र फर्मको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । फर्मको प्रतिनिधिहरु उपस्थितमा नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

१४. साकारकर्ताले लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले बढीमा ४५ (पैतालिस) दिन भित्र साकार गरेको रकम मुल्य अभिबृद्धि कर तथा कटान मुछान खर्च समेत डिभिजन वन कार्यालय,लहान,सिरहाको कार्यालयको कोड न३२९०३१६०१२बाट राजश्व कोड १४२६४ वन क्षेत्रको अन्य आयमा बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१५ सम्बन्धीत कार्यालय वा निकायबाट बिकि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकोपी दाखिला गरेमा मान्य हुने छैन ।

१६. म्याद नाघी,शर्त राखि वा रित नपुगि पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१७. बोलपत्र सम्बन्धी प्रकाशित सुचनामा उल्लेखित शर्तहरु उलङ्घन गरेको पाईएमा बोलपत्र अमान्य हुने छ ।

१८. बोलपत्र सदर वा बदर गर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहने छ ।

१९. उपर्युक्त सुचना सम्बन्धमा कुनै कुरा हेरफेर वा सँशोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्ने छ ।सो को जानकारी वन तथा वातावरण मन्त्रालय,जनकपुरधामकोवेवसाइडmofe.madhes.gov.npरप्रदेशवन निर्देशनालय,जनकपुधामको वेवसाइड pfdir.p2.gov.np र यस कार्यालयको वेवसाइड dfosiraha.madhesh.gov.np बाट गरिने छ ।

२०. अन्य शर्तहरको हकमा प्रचलित ऐन ,नियमावली र वन पैदावर सकलन तथा बिकि वितरण निर्देशिका,२०७३ अनुसार हुने छ ।